# श्री चौधरीया गाउँ सामुदायिक वन उपभोक्ता समूह

**बाँसगढी न.पा.-७,चौधरीया बर्दिया**

**काठ ।दाउरा बोलपत्र द्धारा लिलाम विक्रीको सूचना**

चौथो पटक प्रकाशन मिति २०८२।०४।२३ गते

यस श्री चौधरीया गाउँ सामुदायिक वन उपभोक्ता समुह बाँसगढी न पा ७ बर्दियाको वनबाट आ ब २०८१।८२ उत्पादन भई यस समुहको घाटगद्धीमा पाईलिङ्ग बनाई राखिएको साल जातको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक स:मिल तथा फर्मले नागरिक राष्ट्रिय दैनिक पत्रिकामा चौथो पटक डिभिजन वन कार्यालय बर्दियाबाट पनि खरिद गर्न सकिने छ ।

**तपशिल**

(१) वन पैदावारको विवरण :

**लट नं.२ (पाईल न.६२८)**

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| ५ | साल | A | २३ | ३५२.०८ | १२५० | ४४०१०० | १४२ | ४९९९५.३६ | |
| ६ | साल | B | ४० | ४९२.६३ | ९०० | ४४३३६७ | १४२ | ६९९५३.४६ | |
| ७ | साल | C | १३६ | ७८५.९ | ६०० | ४७१५४० | १४२ | १११५९७.८ | |
| ८ | साल | D | १ | १.३९ | ३०० | ४१७ | १४२ | १९७.३८ | |
| जम्मा | | | २०० | १६३२ | ३०५० | १३५५४२४ | ५६८ | २३१७४४ | |

(२) जम्मा बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।०५।१२ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।०५।१३ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक लि.बाँसगढी शाखामा रहेको खाता नं.**४५६०१०००००३५७००१** मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ।

(४) बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

२०८२।०४।२२

अध्यक्ष

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८२।०५।१३** गते यस समुहको कार्यालयमा दिउँसो ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोतिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाएर लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

अध्यक्ष